# एम्वुलेन्स सेवा

# संचालन नीति

२०६०।५।१८

जनस्वास्थ्य प्रशासन, अनुगमन तथा मूल्यांकन महाशाखा

**स्वास्थ्य तथा जनसंख्या मंत्रालय**

# एम्वुलेन्स सेवा संचालन नीति

## १. प्रस्तावना

एम्वुलेन्स सेवा दक्ष एवं प्रभावकारी स्वास्थ्य सेवाको एउटा अंग भएको तथ्य लाई स्वीकारी एम्वुलेन्स सेवा संचालनमा हाल विद्यमान सकारात्मक पक्षहरुलाई सवल वनाउदै नकारात्मक पक्षहरुको निराकरण गर्न र सरकारी अर्ध सरकारी एवं निजी क्षेत्रहरुमा संचालित एम्वुलेन्स सेवालाई व्यवस्थित गर्न स्पष्ट मार्ग दर्शन आवश्यक भएकोले देहायको नीति तयार गरिएको छ ।

## २. एम्वुलेन्स सेवा संचालन समितिः

जिल्ला भित्र एम्वुलेन्स सेवा संचालन सम्वन्धमा सिफारिस र सेवाको निगरानी गर्न निम्न पदाधिकारीहरु संलग्न भएको एक एम्वुलेन्स सेवा संचालन समिति रहने छ :

| | |
|---|---|
| क.प्रमुख जिल्ला अधिकारी | संयोजक |
| ख.जिल्ला प्रहरी प्रमुख | सदस्य, |
| ग.अंचल अस्पताल प्रमुख | सदस्य(अंचल अस्पताल भएको जिल्लाको लागि मात्र) |
| घ.स्थानीय रेडक्रस शाखाको सदस्य सचिव, | सदस्य |
| ङ..जिल्ला स्वास्थ्य/जनस्वास्थ्य प्रमुख | सदस्य सचिव |

## ३.एम्वुलेन्स सेवा सुरु गर्दाको प्रक्रिया

(क) एम्वुलेन्स सेवा संचालन गर्न चाहने व्यक्ति वा निकायले एम्वुलेन्स संचालन गरिने जिल्लाको जिल्ला स्वास्थ्य/जिल्ला जन स्वास्थ्य कार्यालयमा तोकिएको ढाँचामा निवेदन दिनु पर्नेछ( निवेदनको ढाँचा स्वास्थ्य मंत्रालयले तोके वमोजिम हुने छ ) ।

(ख) जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा उपदफा क वमोजिम निवेदन प्राप्त भएपछि समितिको सदस्य सचिवले उक्त निवेदन उपदफा २ वमोजिमको समितिमा पेश गरी समितिले निर्णय गरे अनुसार कार्यान्वयन गर्नु पर्छ ।

(ग) कार्यान्वयनको क्रममा सदस्य सचिवले प्राप्त निवेदन सिफारिस सहित मंत्रालयमा पठाएको वा पठाउन नमिल्ने भए पठाउन नसकेको कुराको जानकारी सरोकारवाला लाई दिनु पर्छ ।

(घ) सम्वन्धित जिल्लाबाट सिफारिस सहित मंत्रालयमा प्राप्त निवेदन उपर जाँचवुझ गरी मंत्रालयले यस नीति वमोजिमको सेवा संचालनको स्वीकृति दिन र सुविधा प्रदान गर्न सक्ने छ ।

## ४.व्यवस्थापन पक्ष

एम्वुलेन्स संचालन गर्ने संस्था, श्री ५ को सरकारको सम्बन्धित निकायमा दर्ता भएको र उक्त संस्थाको उद्देश्यमा Ambulance सेवा संचालन गर्ने भनीउल्लेख भएको हुनु पर्ने छ ।

## ५) भौतिक नीति

- एम्वुलेन्सको रुपमा प्रयोग गरिने सवारी, सवारी संवन्धी नीतिमा उल्लेख भएको Model अन्तर्गत पर्नु पर्नेछ ।
- एम्वुलेन्सको रुपमा प्रयोग गरिने सवारी Right hand drive को हुनु पर्ने छ ।
- प्रयोग भैसकेको सवारी एम्वुलेन्सको रुपमा भित्राउन उक्त सवारीसाधन १० वर्ष भन्दा पुरानो हुनु हुँदैन ।
- एम्वुलेन्सले पनि अरु सवारी साधन सरह राष्ट्रिय प्रदूषण मापदण्ड पालन गर्नु पर्ने छ ।
- एम्वुलेन्समा, एम्वुलेन्सको पहिचान हुने गरी Siren, Hazared Flikering Light जडान हुनुको साथै 'Ambulance' शव्द अंग्रेजी र नेपालीमा लेखिएको हुनु पर्ने । साथै एम्वुलेन्सको कुनै देखिने भागमा सम्पर्क फोन नं समेत लेख्नु पर्ने छ ।
- स्वीकृत एम्वुलेन्समा वर्गअनुसार ( 'क' 'ख' वा 'ग' वर्गको एम्वुलेन्समा हुनु पर्ने भनी ) तोकिएका सामानहरु अद्यावधिक हुनु पर्ने छ ।
- एम्वुलेन्सको क्षमता र Model निर्धारण आधारको लागि शहरी क्षेत्र (महानगर पालिका र उप–महानगर पालिका) , गैर शहरी क्षेत्र (शहरी क्षेत्र वाहेक) र दूरी समेत गरी कार्य क्षेत्र विभाजन गरिनेछ ।
- लामो दूरी( ५० कि.मी. भन्दा बढी) मा चल्ने सवारी साधन १००० सि.सि.. भन्दा बढी क्षमताको हुनु पर्ने छ ।
- Ambulance मा प्रयोग गरिने Emblem (संकेत चिन्ह) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय नीति वमोजिम हुनु पर्ने छ ।

## ६) जनशक्ति नीतिः

- एम्वुलेन्स चालक , रीत पूर्वक सवारी चालक प्रमाणपत्र प्राप्त गरी न्यूनतम ५ वर्षको अनुभवी हुनु पर्ने छ ।
- एम्वुलेन्स चालकको प्रत्येक वर्ष स्वास्थ्य परीक्षण गर्नुपर्ने छ ।
- एम्वुलेन्स ड्राइभरलाई मेडिकल First Aid को तालिम दिनु पर्ने छ ।

## ७) संचालन प्रक्रिया सम्वन्धी नीति

- एम्वुलेन्स संचालन गर्ने संस्थाले, सेवा प्राप्त गर्न सम्पर्क गर्ने फोन नं , सम्पर्क गर्नु पर्ने व्यक्ति, सेवा प्राप्त गरे वापत तिर्नु पर्ने शुल्क,आदि सवैले देख्ने ठाँउमा लेखि राख्नु पर्ने छ । एम्वुलेन्स सेवा २४ सै घण्टा उपलव्ध हुने व्यवस्था हुनु पर्छ ।
- एम्वुलेन्सको प्रयोग विरामीलाई विरामी परेको ठाँउ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थल सम्म र चिकित्सकले सिफारिस गरेवमोजिमका स्थानमा पुर्याउनको लागि मात्र हुने छ ।
- उपचारार्थ विरामी लिई विदेश जाने एम्वुलेन्सले दफा २ वमोजिमको समितिमा निवेदन दिनु पर्ने छ । यसरी निवेदन दिई सके पछि सो समितिले गरेको सिफारिसको आधारमा मंत्रालयले कारवाही अघि बढाउने छ ।
- विदेशमा विरामी पुर्याउन जाने एम्वुलेन्सको हकमा विरामीलाई विदेश लैजानु पर्ने वारे स्वीकृत चिकित्सकको सिफारिस आवश्यक पर्ने छ । तर विरामीको अवस्था गंभीर भई ईमर्जेन्सी अवस्था परेमा नेपाल सरकार अर्न्तगतको कुनै पनि स्थानीय स्वीकृत स्वास्थ्य संस्था ले पनि यस्तो सिफारिस गर्न सक्ने छ ।
- एउटै क्षेत्रमा सेवा पुरयाउने गरी एक भन्दा वढी एम्वुलेन्स रहेको अवस्थामा त्यस्ता एम्वुलेन्सको संजाल ( Net work) कायम गरी सो क्षेत्रको विरामीले छिटो सेवा प्राप्त गर्ने व्यवस्था मिलाउनु पर्ने छ ।
- यस्तो Net work को व्यवस्था गर्ने जिम्मा स्थानीय Red cross को हुने छ ।

## ८) अभिलेख व्यवस्थापन र प्रतिवेदन तथा आर्थिक नीति

- एम्वुलेन्सवाट प्राप्त आम्दानीको छुट्टै अभिलेख राख्नु पर्ने छ ।
- सरकारी कार्यालयको एम्वुलेन्स सेवाबाट प्राप्त आम्दानी को कम्तीमा ५० प्रतिशत रकम मर्मत सम्भार प्रयोजनकोलागि छुट्टै कोष खडा गरी राख्नु पर्ने ।
- एम्वुलेन्सबाट प्राप्त आम्दानीको निश्चित प्रतिशत एम्वुलेन्स चालकलाई प्रोत्साहनश्वरुप दिन सकिने छ ।
- एम्वुलेन्स सेवा प्रदान गरे वापत संस्थाले प्राप्त गर्ने शुल्क, शूल्क व्यवस्थापन समितिले निर्धारण गरे वमोजिम हुने छ । असहाय गरीवलाई निशुल्क सेवा प्रदान गर्नु पर्ने छ ।
- शुल्क निर्धारण गर्दा शहरी क्षेत्र र गैर शहरी क्षेत्रलाई पनि आधार वनाईने छ ।
- एम्वुलेन्स संचालन गर्ने संस्थाले सेवा पुर्याएको विरामीको संख्या र आम्दानी / खर्चको विवरण अद्यावधिक गरी राख्नु पर्ने छ ।
- प्रचलित कानून अनुसार संस्थाको लेखापरीक्षण गराउँदा एम्वुलेन्स मार्फत भएको आम्दानी/ खर्चको पनि लेखा परीक्षण गराउनु पर्ने छ ।
- एम्वुलेन्स संचालन गर्ने निकायले प्रत्येक आ.व.को अन्तमा तोकिएको ढाँचामा , आ.व. भित्र पु-याएको सेवाको विवरण सम्वन्धित जिल्ला स्वास्थ्य/जनस्वास्थ्य कार्यालयमा पेश गर्नु पर्ने छ ।

## ९) एम्वुलेन्सको वर्गीकरण

भिन्न भिन्न सेवा प्रदान गर्ने अस्पतालहरुको आवश्यकता र विरामीहरुको किसिम अनुसार एम्वुलेन्स आवश्यक पर्ने भएकोले एम्वुलेन्सलाई ३ श्रेणीमा विभाजन गरिएको छ । एम्वुलेन्सको वर्गीकरण देहाय वमोजिम हुनेछ ।

**एम्वुलेन्स वर्ग 'क'**

Advance life support (ALS) का लागि औषधि उपकरण सहितको सवारी साधन)

यस्मा हुनु पर्ने औषधि उपकरण जनशक्ति

तल(ख) वर्गका एम्वुलेन्सका लागि तोकिएका सामानहरुमा थप आवश्यक

***ECG**
***Cardiac monitor +Defibrillator**
*** Incubation** साधन
*** Ventilator**
*** Nebulizar**
*** Head Immobilization Facility**
*** Catheterization Set**
*** Length / Wt. based chest for pediatrics**
*** Pulse Ox meter**
*** Radio- Communication system**
*** Trained Paramedic / Doctor** १/१ जना

**एम्वुलेन्स 'ख' वर्ग**

Basic life support(BLS) सहित सबै विरामीहरुलाई ओसार पसार गर्ने सवारी साधन ।

तल(ग) वर्गका एम्वुलेन्सका लागि तोकिएका सामानहरुमा थप आवश्यक यसमा हुनु पर्ने औषधि उपकरणहरु र जनशक्ति

**-First aid तथा life saving drugs**
**-$o_2$/ Mask, Flow meter**
**-IV injection दिने साधनहरु**
**-Suction machine**
**-Fracture splint**
**-Cervical collar**
**-Spine support**
**-Air way**
**-Patient restraint strap**
-Trained paramedic-1

**एम्वुलेन्स 'ग' वर्ग**

**Common Life Support** सहित सामान्य वर्गको विरामीहरुलाई ओसार पसार गर्ने सवारी साधनको रुपमा लिने र सो साधनमा निम्न लिखित सामान हुनु पर्ने छ ।

-First Aid का औषधि र सामानहरु
-Oxygen Cylender, Flow meter र Mask जडित वा जरुरत परेमा राख्न सकिने सवारी साधन
-I.V. injection दिन सक्ने व्यवस्था,
-Stethoscope, B.P. Apparatus, Torchlight
-Stretcher Cum bed.

## १०) भंसार तथा VAT छुट सुविधा सम्वन्धी व्यवस्था

- एम्वुलेन्स वाहन आयात गर्दा भंसार तथा VAT छुट सुविधा संवन्धमा तीनै श्रेणीका एम्वुलेन्सहरुमा तोकिए वमोजिम औषधि उपकरणहरुको व्यवस्था र यस नीति वमोजिम संचालन गर्ने शर्त पालना हुने गरी मात्र छुट सुविधा उपलव्ध गराउन सकिनेछ ।
- एम्वुलेन्स प्रयोजनको लागि वनेको र एम्वुलेन्सकै रुपमा भित्रिने गाडीलाई शत प्रतिशत र भित्र आईसकेपछि एम्वुलेन्सको रुप दिनु पर्नेलाई ७५(पचहत्तर) प्रतिशत भंसार तथा VAT छुटको सिफारिस गरिने छ ।

## ११) नीतिको पालन नगरेमा वा सेवाको दुरुपयोग गरेमा :

यस नीति वमोजिम सेवा संचालन नभएको वा सेवा दूरुपयोग गरेको पाईएको अवस्थामा मंत्रालयबाट प्रदत्त सेवा संचालन स्वीकृति स्थगन वा खारेज गर्न सकिने छ ।

## १२) अनुगमन प्रक्रिया

- एम्वुलेन्सको सेवा संचालन, निर्धारित प्रक्रिया अनुसार भए नभएको वारेमा निरीक्षण तथा अनुगमन गर्ने कार्य, सरकारी संस्थाको हकमा कम्तीमा एक तह माथीबाट र निजी संस्थाको हकमा स्वास्थ्य मंत्रालयको ज.स्वा. प्र, अनुगमन तथा मूल्यांकन महाशाखा वा उक्त महाशाखाको निर्देशनमा विभाग, क्षेत्र वा जिल्ला स्थित स्वास्थ्य कार्यालयहरुबाट हुने छ ।
- यस नीति वमोजिम एम्वुलेन्स संचालन भए नभएको सम्वन्धमा ट्राफिक प्रहरीबाट समेत अनुगमन हुन सक्ने व्यवस्था मिलाईने छ ।

## १३) कार्य दक्षताको शूचकांक

- विरामी लाई घटनास्थलबाट अस्पताल वा प्राथमिक उपचार प्राप्त हुने ठाँउ सम्म पुर्‍याउन , एम्वुलेन्स लाई जानकारी गराएपछि, दूरीको आधारमा, उपचार स्थल वा अस्पताल सम्म पुर्‍याउन लागेको समयलाई लिईने छ ।
- यस्तो सूचकांकको mechanism सम्वन्धित संस्थाले व्यवस्थित गरी राख्नु पर्ने छ ।